ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
प्रधान कार्यालय, बुटवल, रुपन्देही
नायब प्रमुख कार्यकारी अधिकृतको

**पदपूर्ति सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७६/११/२२)**

विज्ञापन नं : ०१/०७६।७७
पद संख्या : १ (एक)

यस संस्थामा रिक्त रहेको नायब प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको न्यूनतम शैक्षिक योग्यता र अनुभव प्राप्त गरेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०७६/१२/०६ गते कार्यालय समय भित्र संस्थाको प्रधान कार्यालय बुटवलमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. न्यूनतम शैक्षिक योग्यता र अनुभव :

(क) मान्यता प्राप्त शिक्षण संस्थावाट चार्टर्ड एकाउण्टेन्सी वा व्यवस्थापन, मौद्रिक, बैंकिङ्ग, वित्तीय, अर्थशास्त्र, बाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, कानून बिषयमा कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको ।

(ख) नेपाल सरकार वा कुनै बैंक तथा वित्तीय संस्थाको अधिकृत तह वा सो भन्दा माथिको पदमा कम्तीमा ५ वर्षको कार्य अनुभव भएको ।

(ग) उमेरको हद दरखास्त दिने अन्तिम मितिसम्म ३५ बर्ष पुरा भई ५८ बर्ष ननाघेको हुनुपर्ने ।

२. दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु :

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर) सहितको विस्तृत बैयक्तिक विवरण (Bio-Data)।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभवको प्रमाणित प्रतिलिपिहरु ।

(ग) "नेपालमा लघुवित्तको वर्तमान अवस्था, चुनौती र समस्या समाधानका उपाय" विषयमा उम्मेदवारले प्रस्तुत गर्ने करीव ३० मिनेटको प्रस्तुतीकरण (Presentation ) को लेख । उक्त लेख शिलबन्दी खाममा पेश गर्नु पर्ने छ ।

(घ) विदेशी शैक्षिक संस्थाहरुबाट प्राप्त शैक्षिक योग्यताका हकमा त्रिभुवन विश्वविद्यालयको समकक्ष मान्यता प्रमाणपत्रको प्रतिलिपी ।

(ङ) दरखास्त दस्तुर वापत रु. २,०००।- (अक्षरेपि दुई हजार मात्र) सिटिजन बैंक इन्टरनेशनल लि. शाखा कार्यालय बुटवलमा रहेको यस संस्थाको खाता नं ०१२०१०००००३२३२०१ मा बुझाई सोको सक्कल भौचर ।

(च) दरखास्तसाथ स्वःघोषणा फारम पेश गर्नु पर्नेछ ।

३. छनौट प्रकिया :

उम्मेदवारको शैक्षिक योग्यता र पेश भएको कागजातको मूल्यांकनको आधारमा उम्मेदवारहरु सात जना भन्दा बढी भए ती मध्ये कम्तीमा सात जना उम्मेदवारलाई सर्ट लिष्टिङ्ग गरी प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ ।

४. पारिश्रमिक : मासिक तलब र भत्ता गरी रु. असी हजार र अन्य सुविधा संस्थाको नियमानुसार प्रदान गरिनेछ ।

५. अन्य विवरण :

(क) दरखास्त फारम र आवश्यक कागजातहरु संस्थाको प्रधान कार्यालय, बुटवलमा पेश गर्नु पर्नेछ ।

(ख) अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्तसाथ पेश गरेका अन्य कागजातहरुको सक्कल प्रति सहित उपस्थित हुनु पर्ने छ ।

(ग) नायब प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धी विवरण संस्थाको Website: www.gblbs.com.np मा राखिएको छ ।

(घ) यस सम्बन्धी थप जानकारीका लागि संस्थाको प्रधान कार्यालय, बुटवलको फोन नं. ०७१-४३८९५४ मा सम्पर्क गर्न सकिनेछ ।

**ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड**
**बुटवल,रुपन्देही ।**